# प्रेरितहरूको पुस्तक

# *(The Book of Acts)*

(मिशन समाचार सहित)


लेखकः

विल्सन पारोस्ची

(Wilson Paroschi)


भावानुवादकः

भजुराम तखाछेँ श्रेष्ठ


सेभेन्थ-डे एडभेन्टिस्ट चर्च

सन् २०१८ (बि.सं. २०७५)

ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78
**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग**
**सम्पादकः क्लिफोर्ड आर. गोल्डस्टाइन**

प्रथम संस्करण : २०७५ (ई.सं. २०१८)

**कम्प्यूटर लेआउट**
सुजीत कुमार साह

भाषा शुद्धिकरणः धन बहादुर पुलामी

भजुराम श्रेष्ठ, ☎ ९८१३१५४४३२
**bhajupurna@gmail.com**
(आन्तरिक प्रयोगको निम्ति मात्र)

प्रकाशक
उमेश कुमार पोखरेल

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतीले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

# भूमिका

## सुसमाचारको विजय

जब सानो समूहका मानिसहरूले पवित्र आत्माको शक्तिको अगुवाईमा सुसमाचार विश्वभरी फैलाए तब विश्वको इतिहासमा प्रथम् तीस वर्ष निर्णयात्मक बर्षहरू हुनपुगेका थिए भनेर इतिहासका धेरै विद्वानहरूले विश्वास गर्दछन्। ती सानो समूहका मानिसहरू प्रायजसो यहूदीहरू नै थिए। ती निर्णायत्मक तिस वर्ष वा तिन दशकमा जे भयो त्यसको कहानी प्रेरितहरूको पुस्तकले बताउँदछ। सन् ३१मा येशूको पुनरुत्थानदेखि लिएर पावललाई पहिलो पटक रोममा सन् ६२मा कैदी बनाएको अन्तिम समयसम्म (प्रेरित २८:३०) समेटिएको विवरण प्रेरितहरूको पुस्तकमा छ। पावललाई प्रथम पटक कैदी बनाएर छोडे लगत्तै त्यो पुस्तक लेखिएको हुनुपर्छ किनभने त्यो पुस्तकमा त्यसपछि के भएको थियो सो उल्लेख गरिएको छैन। पावललाई बन्दी बनाएर छोडेपछि उनले आफ्नो सुसमाचारको यात्रा जारी गरेका थिए भन्ने देखिन्छ। त्यस यात्रामा उनले विभिन्न ठाउँहरूमा यात्रा गरेर सुसमाचार सुनाएका थिए। केही वर्षपछि उनलाई फेरि पक्रेर रोममा बन्दी बनाए र निष्ठुर सम्राट निरोको आदेशमा सन् ६७मा शिरछेढन गरि उनलाई मारिएको थियो।

प्रेरितको पुस्तकका लेखक को थिए भन्ने विषयमा जानकारी दिइएको छैन। तर चर्चले मानेका परम्परा अनुसार त्यसको लेखक लूकालाई मानिएको छ। पावलसँगसँगै यात्रा गर्ने भएकोले उनले लूकालाई "प्रिय चिकित्सक" भनेर कलस्सी ४:१४मा पावलले सम्बोधन गर्दछन्। लूका पावलको सहयात्री थिए (२ तिमोथी ४:११, फिलेमन २४)। लूकाको सुसमाचार लेख्ने पनि लूका नै थिए। प्रेरित १:१सँग लूका १:३ दाँज्दा लूकाले "पहिलो पुस्तक" भन्दा लूकाको सुसमाचार भनेर ठम्याउन सकिन्छ। दुवै लूका र प्रेरितको पुस्तक इसाई आस्थाको सुरू कसरी भयो भनेर जनाउने जुम्ल्याहा पुस्तकहरू हुन्। इसाई आस्थाको सुरुवात येशूको जन्मबाट सुरू भएको भनेर लूकाको सुसमाचारले दिन्छ भने प्रेरितहरूले सुसमाचारलाई कसरी फैलाए वा बिस्तारित गरे भनेर प्रेरितहरूको पुस्तकले बताउँछ। ती दुवै पुस्तकहरू मिलाउँदा नयाँ करारको २७ प्रतिशत विवरणहरू एक जनाको मात्र सबभन्दा ठूलो देन हो भनेर खुलाउँछ। कलस्सीको पुस्तकमा पावलले लूकालाई अन्यजातिबाट आएका सहकर्मी भनेर सम्बोधन गर्दछन्। उनी खतनाको जाति वा यहूदी थिएन भनेर

बुझाउँदछ (कलस्सी ४:७-१४)। त्यसको अर्थ नयाँ करारका पुस्तकहरूको लेखकहरूमा केवल लूकामात्र हुन् जब यहूदी जातका थिएन।

त्यसले गर्दा लूकाले एक मूल विषयबस्तुलाई किन व्याख्या गर्न खोजेका थिए भन्ने कुरोलाई बुझाउँदछ, त्यो हो सुसमाचारको विश्वव्यापीकरण अर्थात् सुसमाचार केवल कुनै एक जात वा राष्ट्रको नमएर सारा संसारको निम्ति हो। परमेश्वरले कसैलाई पक्षपात गर्नुहुन्न भनेर लूकाको जिकिर छ। मानिसहरू जुनसुकै जात, रङ्ग, समाजिक वर्ग, पुरुष वा स्त्री वा देशका किन नहुन् सुसमाचारको बारेमा जान्न र त्यसलाई ग्रहण गर्ने तिनीहरूको व्यक्तिगत अधिकार छ भन्ने सन्देशको साथै चर्चलाई सबै मानिसहरुको बीचमा साक्षीको रूपमा खडा हुन आह्वान गरिएको छ (प्रेरित १:८, २:२१,३९,४०, ३:२५, १०:२८,३४,३५)। आफूलाई सजिलो परेमात्र येशूको बारेमा भन्ने वा कुनै पनि पूर्वाग्रहलाई दिमागमा राखेर येशूको बारेमा सुसमाचार नफैलाउनुको अर्थ सुसमाचारको मर्मको बिरुद्धमा गएर सुसमाचारलाई भ्रष्ट पारेको ठहर्छ। इसाई हुँ भनेर  दावी गर्ने तर येशूको सुसमाचारलाई आफूभित्रमात्र लुकाएर राख्नुको अर्थ परमेश्वरको वचनको मूल आधारभूत सत्यको बिपरीत गएको देखाउँदछ। त्यसकारण परमेश्वरको सामु हामी सबै जना एकैनासका छौंः हामी सबै पापी हौं र येशू ख्रीष्टमा पाउने मुक्ति हामी सबैलाई खाँचो छ।

लूकाले लेखेका प्रेरितको पुस्तकको मुख्य वीर पुरुष, पावल हुनपुग्नु कुनै संयोगको बिषय होइन भनेर मान्न सकिन्छ। अन्यजातिहरूको निम्ति प्रेरित हुन पुगेका पावललाई (रोमी ११:१३) प्रेरितको पुस्तकको दुई तिहाई भाग समर्पित गरिएको छ।

प्रेरितको पुस्तकमा अरू महत्त्वपूर्ण विषयबस्तुहरू पनि समावेश भएका छन्ः परमेश्वरको सार्वभौमिक शक्ति र उहाँको इश्वरीय लक्ष्य (प्रेरति १७:२४,२५, २०:२७,२३:११), येशूलाई प्रभु र मुक्तिदाता भनेर उच्च स्थानमा राखिनु (प्रेरित २:३२,३६, ३:१३,१५,४:१०-१२, ५:३०,३१) र चर्चद्वारा सुसमाचारको प्रचारको लक्ष्यलाई हासिल गर्न चर्चलाई शक्ति सम्पन्न गराउन र अगुवाई गर्न पवित्र आत्माले खेलेको भूमिका (प्रेरित २:१-४, ४:२४-३१, ८:१४:१७,२९,३९, १०:१९:२०)। यथार्थमा भनौं भने सुरूको चर्चमा जुन उपलब्धी भयो त्यो उपलब्धी कुनै मानिसको ज्ञानबुद्धि र क्षमता अनुसार नभएर पवित्र आत्माको सक्रियताले भएको हो। हुन त परमेश्वरले पावल जस्ता

जोशिला योद्धालाई प्रयोग गरेर संसारमा सुसमाचार फैलाएर संसारलाई प्रभाव पार्ने काममा उनीको बराबर अरू नहुन सक्छ (१ कोरन्थी १५:१०)।

चर्च औपचारिक रूपमा कसरी सुरू भयो भनेर प्रेरितको पुस्तकले बताउँछ। सुरूको चर्चमा प्रशासनिक बन्दोबस्त गर्नुपरेको थियो र धार्मिक सिद्धान्तको मामिलामा ठेगान लगाउनुपरेको थियो। चर्चको संख्या बढ्दै थियो र त्यसको साथै चर्चमा हुनुपर्ने शिक्षादीक्षामा ध्यान पुऱ्याउनुपर्ने थियो। येशूको आगमनको समयलाई कसरी मान्ने, चर्चमा अयहूदीहरूलाई कसरी सम्हाल्ने, मुक्तिको मामिलामा विश्वासको भूमिका के छ जस्ता प्रश्नहरूलाई सुरूको चर्चले सम्हाल्नुपरेको थियो।

सुरूको चर्चमा छोटो अवधिमा नै जे उपलब्धी गरे त्यसले निरन्तरूपमा गवाहीको रूपमा यो प्रस्तुत भएको छः यदि हृदयदेखि प्रार्थना गरेर परमेश्वरका भक्तहरू नम्र भएर चले, परमेश्वरको महिमा र गौरबको निम्ति एक हुन गए, आफू आफूमा भाऊ खोज्ने प्रवृत्तिलाई त्याग्न सके र आफूहरूलाई पवित्र आत्माको अगुवाइमा सुम्पिएमा मानिसहरूद्वारा नै परमेश्वरले महान् काम गर्न सक्नुहुन्छ।

काम सुरू गर्न परमेश्वरले आह्वान गर्नुभए अनुसार चलियोभने के हुनेरहेछ भन्ने प्रेरितको पुस्तकको कथा हो। यदि हामी येशू भक्त हौं भनेर दावी गर्छौं वा सेभेन्थ-डे एडभेन्टिस्ट हौं भनेर शिर ठाडो राख्न चाहन्छौं भने प्रेरितको पुस्तकबाट के सिक्न सक्छौं? हामी पनि परमेश्वरले दिनुभएको सुसमाचार सुनाउने जिम्मेवारीलाई काँधमा बोकिरहेकाछौं भनेर उक्त काम सम्पन्न गर्न अघि बढ्न प्रेरितको पुस्तकले हामीलाई कसरी बाटो देखाउन सक्छ?

*दक्षिण अमेरिका ब्राजिलको साव पावलोको इन्जेनहिरोमा रहेको ब्राजिल सेभेन्थ-डे एडभेन्टिस्ट युनिभर्सिटीमा नयाँ करारको व्याख्या गर्ने प्रोफेसरको रूपमा यस बाइबल अध्ययन पुस्तकका लेखक विलसन पारोस्चि कार्यरत हुनुहुन्छ। सन् २००४मा उहाँले आन्द्रयुज युनिभर्सिटीमा नयाँ करारमा पिएचडी गर्नुभएको थियो। सन् २०११मा जर्मनको युनिभर्सिटी अभ हिडल्बर्गमा थप पिचडी गर्नुभएको थियो।*

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | तिमीहरू मेरा साक्षीहरू हुनेछौ | १ |
| २. | पेन्टिकोस्ट | १५ |
| ३. | सुरूको चर्चमा विश्वासीहरूको जीवन | २७ |
| ४. | चर्चका प्रथम अगुवाहरू | ४३ |
| ५. | पावलको आत्मिक परिवर्तन | ६२ |
| ६. | पत्रुसको सेवाकार्य | ७६ |
| ७. | पावलको पहिलो सुसमाचार यात्रा | ९४ |
| ८. | यरुशलेममा भएको परिषद् | १११ |
| ९. | दोस्रो सुसमाचारको यात्रा | १३० |
| १०. | तेस्रो सुसमाचारको यात्रा | १४८ |
| ११. | पावललाई यरुशलेममा बन्दक बनाइन्छ | १६५ |
| १२. | सिजरामा नजरबन्द | १८२ |
| १३. | रोमको यात्रा | १९८ |

# अस्थाई पाना

सुझावः त्रैमासिक अध्ययन अध्ययन असोज १२, २०७५ (सेप्टेम्बर २९, २०१८) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तीथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | असार १६-२२ (जून ३०-जुलाई ६) |
| २ | अध्याय २ | असार २३-२९ (जुलाई ७-१३) |
| ३ | अध्याय ३ | असार ३०-श्रावण ४ (जुलाई १४-२०) |
| ४ | अध्याय ४ | श्रावण ५-११ (जुलाई २१-२७) |
| ५ | अध्याय ५ | श्रावण १२-१८ (जुलाई २८-अगस्ट ३) |
| ६ | अध्याय ६ | श्रावण १९-२५ (अगस्ट ४-१०) |
| ७ | अध्याय ७ | श्रावण २६- भाद्र १ (अगस्ट ११-१७) |
| ८ | अध्याय ८ | भाद्र २-८ (अगस्ट १८-२४) |
| ९ | अध्याय ९ | भाद्र ९-१५ (अगस्ट २५-३१) |
| १० | अध्याय १० | भाद्र १६-२२ (सेप्टेम्बर १-७) |
| ११ | अध्याय ११ | भाद्र २३- २९ (सेप्टेम्बर ८-१४) |
| १२ | अध्याय १२ | भाद्र ३०- असोज ५ (सेप्टेम्बर १५-२१) |
| १३ | अध्याय १३ | असोज ६-१२ (सेप्टेम्बर २२-२८) |